# विष्णुपुर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## विष्णुपुर, सप्तरी
## मधेश प्रदेश नं, नेपाल

## करारमा सेवा लिने सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९/०९/०६**

विष्णुपुर गाउँपालिकाको लागि गाउँकार्यपालिकाको निर्णयानुसार निम्न लिखित पदले गर्ने कार्य सेवा करारबाट गराउने निर्णय भएकोले तपसिल बमोजिमको पदको कर्मचारीहरु सेवा करारमा भर्ना गर्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (सो दिन विदा परेमा सोको भोलि पल्ट) भित्र यस गाउँ कार्यपालिकाको कार्यालय, विष्णुपुर, सप्तरीमा कार्यालय समयमा ३ प्रति फोटो, राजश्व तिरेको रसिद समेत राखि रितपूर्वकको दरखास्त दिन हुन यो सुचना प्रकाशन गरिएको छ। एक भन्दा बढि विज्ञापित पदमा सेवा कारारका लागि दरखास्त दिन चाहने उम्मेदवारले अलग अलग रुपमा दरखास्त फारम पेश गर्नु पर्नेछ।

| विज्ञापन नं. | पद नाम | उमेरको हद | तह | माँग संख्यां | परिक्षा दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| ०१-२०७८/०७९ | कृषि स्नातक अधिकृत | २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको | छैठौं | १ | १०००/- | |
| ०२-२०७८/०७९ | पोषण स्वयंसेवक | २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको | पाँचौं | १ | ६००/- | |
| ०३-०७८/०७९ | रोजगार सहायक | १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको | पाँचौं | १ | ६००/- | |
| ०४-२०७८/०७९ | उधम विकास सहजकर्ता | १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको | चौथो | १ | ४००/- | |
| ०५-२०७८/०७९ | हलुका सवारी चालक | १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको | श्रेणी विहिन | १ | ३००/- | |

**दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरु**

क) हाल सालै खिचेको पासपोर्ट साईजको फोटो ३ प्रति

ख) उमेदवारको शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी

ग) नेपाली नागरिकताको प्रतिलिपी

घ) अनुभव/सिपको प्रतिलिपी

(पेश गरिने कागजातहरु आवेदक स्वंयले प्रमाणित गरेको हुनु पर्नेछ)

**शैक्षिक योग्यता**

१) कृषि स्नातक अधिकृत : (क) नेपाल सरकारबाट मान्यता प्राप्त विश्व विद्यालय वा शिक्षण संस्थाबाट कम्तीमा B.Sc. Ag. तह वा सो सरह उतिर्ण गरेको हुनुपर्नेछ।

२) पोषण स्वयंसेवक : (क) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा १२ कक्षा उतिर्ण गरेको महिला उम्मेदवार।
(ख) सामुदायीक परिचालनको क्षेत्रमा कम्तीमा २ वर्षको अनुभव हासिल गरेकालाई प्राथमिकता दिईनेछ।
(घ) यस विष्णुपुर गाउँपालिकामा स्थाई बसोवास गरेको हुनु पर्नेछ।

३) रोजगार सहायक : (क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उतिर्ण गरेको हुनु पर्नेछ।
(ख) आधारभुत कम्प्युटर सिप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको।

४) उद्यम विकाष सहजकर्ता : (क) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उतिर्ण गरेको वा
(ख) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट उद्यम विकास सहजकर्ता सिप परिक्षण तह २ वा ३ उतिर्ण गरेको वा
(ग) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिका परिक्षा (TSLC) उतिर्ण गरेको।

५) हलुका सवारी चालक : (क) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा ८ कक्षा उतिर्ण गरी हलुका सवारी चालक सवारी चालक अनुमति पत्र प्राप्त गरेको हुनुपर्ने।

**अन्य योग्यता र अनुभव :**

१. नेपाली नागरिक भएको।

२. अन्य प्रचलित कानूनबाट अयोग्य नभएको तथा नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको हुनुपर्नेछ।

**परिक्षाको किसिम**

१. प्रारम्भिक छनौट (Short Listing), लिखित तथा अन्तरवार्ता (हलुका सवारी चालकको हकमा अन्तरवार्ता तथा प्रयोगात्मक मात्र)

**अन्य ब्यहोरा**

१) दरखास्त बुझाउने स्थान : विष्णुपुर गाउँपालिकाको कार्यालय, प्रशासन शाखा, सप्तरी (दरखास्त फारम कार्यालयको प्रशासन शाखा वा कार्यालयको वेव साईटबाट प्राप्त गर्न सकिनेछ)

२) सम्पर्क मिति : दरखास्तको म्याद सकिएको भोली पल्ट (सो दिन विदा परेमा सो को भोली पल्ट)

३) परिक्षा मिति : सम्पर्क मितिमा तोकिने छ।

**करार अवधि :** नेपाल सरकारबाट सोही पदमा अर्को व्यवस्था नभए सम्म बढिमा २०८० असाढ मसान्त सम्म

**नोट : छनौट भएका उम्मेदवारहरुले सम्झौतामा उल्लेख भए बमोजिमको पारिश्रमीक सुविधा पाउने छ। विज्ञपन नं. ५ बाहेकका पदहरुको हकमा कम्प्युटर सम्बन्धी ज्ञान सिप भएका उम्मेदवारलाई प्राथमिकता दिईनेछ। गाउँपालिकाले तोके अनुसारको कार्यक्षेत्रमा तोकिएको कार्य गर्नु पर्नेछ। थप जानकारीको लागि यस कार्यालयको प्रशासन शाखामा तथा कार्यालयको वेव साईटमा हेर्न हुन समेत अनुरोध छ।**

संयोजक